# नेपाल कम्युनिष्ट पार्टी (माले)

## प्रेस विज्ञप्ति

**प्रिय पत्रकार मित्रहरू !**

महासचिव क. सी.पी. मैनालीको अध्यक्षतामा केन्द्रीय कार्यालय, रातोपुल, काठमाण्डौमा बसेको नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को सातौं केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठक (२०७३ जेठ २२-२६) सफलताका साथ सम्पन्न भएको छ। उक्त बैठकद्वारा लिइएका केही महत्वपूर्ण निर्णयहरूलाई यस पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरिन्छ।

१. बैठकले सर्वप्रथम सातौं राष्ट्रिय महाधिवेशन आयोजनाबारे समीक्षा गऱ्यो । प्रतिनिधिहरूको निर्वाचन, दस्तावेजहरूको अध्ययन र महाधिवेशन दायित्व पूरा गर्ने बिषयमा केही कमजोरीहरू देखिएका भए पनि समष्टिमा महाधिवेशन सफल रहेको निष्कर्ष निकालेको छ । बैठकले जनसमुदाय, समस्त पार्टी सदस्यहरू, प्रतिनिधिहरू, स्वयम्सेवकहरू, सहयोगदाताहरू र सहयोगी संघ-संस्थाहरू र सञ्चारकर्मी मित्रहरूलाई धन्यवाद ज्ञापन गऱ्यो । यसैगरि बैठकले सातौं राष्ट्रिय महाधिवेशनको सफलताको निम्ति शुभकामना पठाउने विदेशी भाइचारा पार्टीहरूलाई धन्यवाद-पत्र पठाउने निर्णय गरेको छ।

**२.** बैठकमा महासचिव कमरेडद्वारा प्रस्तुत गरिएको समसामयिक राजनीतिक प्रतिवेदनलाई परिमार्जन सहित पारित गरेको छ। त्यस प्रतिवेदनमा प्रस्तुत केहि महत्वपूर्ण अंश यहाँ उल्लेख गरिएको छ -

**क) वर्तमान सरकार बारे :** सभासदहरूको विवेकद्वारा २०७२ असोज ३ गते सम्बिधानसभाले नेपालको सम्बिधान जारी गरेपछि भारतीय शासकहरूले आफ्ना संकीर्ण रणनीतिक स्वार्थहरू नसमेटिएको नेपालको संविधानलाई परिवर्तन गराउने उद्देश्य लिएर नेपाल विरुद्ध नाकावन्दी लगाए । त्यो अन्यायपूर्ण नाकावन्दी नेपाली जनता, दल, सरकार तथा विश्व जनमतद्वारा बिरोध गरिएपछि २२ माघवाट फिर्ता भयो। तर त्यसको कारणहरू अझै पनि जीवित राखिएकाछन्। केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रवादी तथा स्वाभिमानी चरित्र बोकेको यो सरकारले कतिपय अवरोध र कमजोरीहरू रहँदारहँदै पनि नेपालको अस्तित्वरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डताको पक्षमा नेपाली जनतालाई दृढतापूर्वक नेतृत्व गरेको छ। व्यापार र पारवहनलाई विविधीकरण गरेको छ र जनताको समस्याहरूलाई सम्वोधन गर्न जिम्मेवारीपूर्वक काम गरिरहेको छ। विभिन्न पक्षमा रहेका जातीय र क्षेत्रीय असन्तुष्टिहरूलाई वार्ता र सहमतिको माध्यमबाट निकास निकाल्दै संविधानको कार्यान्वयनलाई अघि बढाउनु पर्दछ।

**ख) बाह्य हस्तक्षेप बारे :** नेपाल अझैं पनि विखण्डनको खतरासामु उभिइरहेको छ। यो खतरा सङ्कट विगतमा  भन्दा धेर गुणा खतरनाक छ। वाह्य विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूको आडधाप पाई नेपालमा हुर्कन थालेको विखण्डनकारी प्रवृत्तिको खतरनाक चरित्रलाई गंभीरतापूर्व लिनु पर्छ र राजनीतिक ढङ्गबाट समाप्त गरिनुपर्छ।

यस्तो स्थितिमा ठूला दलहरू नेपाली कांग्रेस र एमाओवादी पार्टीमा रहेका सम्झौतावादी सत्तालिप्सासंग राष्ट्रिय स्वार्थ साट्ने प्रवृतिप्रति सजग रहदै र तिनको विरोध र भण्डाफोर गर्नुपर्छ। कुनै पनि आवरणमा तयार हुने तावेदारवादीहरूको संगठन, सञ्जाल वा मोर्चाको कार्यलाई शुरूदेखि नै विरोध र भण्डाफोर गर्नुपर्छ। साना/ठूला अतिवादी समूहहरूलाई हत्या, हिंसा र तोडफोडको कार्य गर्न दुरूत्साहित गर्दै अस्थीरता पैदा गरी विकास निर्माणमा अबरोध पुऱ्याउने र नेपाललाई गरीव र कमजोर बनाइराख्ने कार्य हुनसक्छ जसलाई राजनीतिक र प्रशासनिक उपायद्वारा समयमै नियन्त्रित गरिनुपर्छ।

**ग) आ.ब. २०७३/०७४को बजेट बारे :** आ.ब. २०७३/०७४को बजेटले सामाजिक सुरक्षा अन्तर्गत बृद्ध-बृद्धा, एकल महिला, बालबालिकाको क्षेत्रलाई पर्याप्त संबोधन गरेको छ । बाह्य तथा आन्तरिक ऋणको व्यवस्था गरेर भए पनि तराई/मधेशमा पर्ने जिल्ला सदरमुकामहरूमा आवश्यक भौतिक पूर्वाधार तयार गर्ने देखि लिएर हुलाकी वाटो लगायत विकास कै मेरुदण्ड तयार गर्ने प्रवन्ध गरेको छ। यसैगरी सिंचाई सुविधा उपलब्ध नभएका खेती योग्य तराईका भूमिहरूमा आवश्यक सिंचाईको प्रवन्ध गर्ने गरी विभिन्न नहरहरू निर्माण गर्ने घोषणा गरेको छ । साथै यस बजेटले वेरोजगारीलाई अन्त्य गर्ने, रुग्न उद्योगहरूलाई संचालन गर्नुका साथै राज्यको स्वामित्वमा रहेका उद्योगलाई राज्यको स्वामित्वमै राख्ने घोषणा गर्नुका अतिरिक्त स्वावलम्वन र आत्मनिर्भरताका नीतिहरूलाई अघि बढाएको छ। उपरोक्त कुराहरू यस बजेटका सकारात्मक पक्ष हुन । तर यसको कार्यान्वयनमा जोड दिनु अत्यन्त आवश्यक देखिएको छ । साथै यस बजेट मार्फत सरकार भूकम्पबाट क्षतीग्रस्त अर्थतन्त्रलाई पुनर्स्थापना गर्न, भूकम्पबाट ध्वस्त संरचनाहरूको निर्माण-पुनर्निर्माण गर्न, व्यापार र पारवहनलाई विविधीकरण गर्न, लोडसेडिङ घटाउदै हटाउन, पूर्वाधारहरूको निर्माण, पर्यटन र कृषि उत्पादनलाई बढाउन, राष्ट्रिय गौरवका योजनाहरूलाई प्राथमिकता दिएर लागू गर्न , बजारभाउलाई व्यवस्थित गर्न, शान्तिसुरक्षा कायम गर्न, नयाँ संविधानको कार्यान्वयन गर्न महत्वका साथ लागिरहेको छ भन्ने कुरालाई समेत सार्वजनिक गरेको छ । नाकाबन्दीको अप्ठ्यारो  समय वितिसक्ता पनि कालाबजारी र मुनाफाखोरी रोक्न अनि जनतालाई सम्भव राहत, सुविधा र सुपथ मूल्यमा उपभोग्य बस्तु उपलब्ध गराउन सरकारले गम्भिरतापूर्वक लाग्नु पर्दछ।

**३. केही आन्तरिक साङ्गठानिक निर्णयहरू :**

**क) स्थायी कमिटीको गठन :** पार्टी विधान २०७३ को धारा १९ अनुसार निम्नलिखित कमरेडहरू रहेको पार्टीको **स्थायी कमिटी** गठन गरिएको छ : (१) महासचिव क. सी.पी. मैनाली, सदस्यहरू, (२) पोलिटब्युरो सदस्य क. एन्.पी. आचार्य, (३) पोलिटब्युरो सदस्य क. डम्वर श्रेष्ठ, (४) पोलिटब्युरो सदस्य क. कुमार बेलबासे, (५) पोलिटब्युरो सदस्य क. गोपालमणि गौतम ।

**ख) केन्द्रीय कमिटी सदस्यमा मनोनयन :** बैठकले निम्नलिखित कमरेडहरूलाई केन्द्रीय कमिटिको सदस्य र बैकल्पिक सदस्यमा मनोनित गरेको छ : केकसमा (१) क. यम बिक, पर्वत । बैकल्पिक सदस्यमा, (२) क. रोहित भट्टराई, काठमाण्डौ, (३) क. सिद्धि महर्जन, काठमाण्डौ, (४) क. आकाङ्क्षा शर्मा, चितवन, (५) क. शंकरदत्त बोकटी, कञ्चनपुर, (६) क. टी.आर. दियाली, दोलखा र (७) क. निरबहादुर क्षेत्री, बाग्लुङ्ग हुनुहुन्छ । यस मनोनयन पछि **केन्द्रीय कमिटीका सदस्यहरूको संख्या ६१** पुगेको छ ।

**ग) पोलिटब्युरोको गठन :**

बैठकले सर्वसम्मतिबाट २० सदस्यीय पोलिटब्युरोको गठन गरेको छ । नवगठित पोलिटब्युरोमा निम्नलिखित कमरेडहरू रहनु भएको छ : १. महासचिव क. सी.पी. मैनाली, २. क. एन्.पी. आचार्य, ३.क. डम्वर श्रेष्ठ, ४. क. कुमार बेलबासे, ५. क. गोपालमणि गौतम, ६.क. खगेन्द्र प्रसाई, ७. हिक्मतबहादुर देउबा, ८. क. नीलम केसी, ९. क. दीननाथ घिमिरे, १०. क. के.पी. फुँयाल, ११. क. गोविन्द केके, १२. क. भवानी घिमिरे, १३. क. रेशम रिमाल, १४. क. गंगाप्रसाद चौधरी, १५. क. जनककुमारी चालिसे । बैकल्पिक सदस्यहरूमा १६. क. कृष्ण राना, १७. क. कपिल पोखरेल, १८. क. मिलन बराल, १९. क. अइन्द्रसुन्दर नेम्बाङ्ग र २०. क. इन्दल झा ।

**घ) केन्द्रीय सल्लाहकार समिति र राष्ट्रिय परिषद्मा मनोनयन :**

बैठकले २२ सदस्यीय केन्द्रीय सल्लाहकार समिति गठन गरेको छ भने २४ जना कमरेडहरूलाई राष्ट्रिय परिषद् सदस्यमा मनोनित गरेको छ

**ङ) पार्टी एकतावार्ता कमिटीको गठन :**

विभिन्न पार्टीहरूसँग सहकार्य, कार्यगत एकता तथा सिद्धान्तनिष्ठ एकताका निम्ति वार्ता गर्न निम्नलिखित कमरेडहरू रहेको **पार्टी एकतावार्ता कमिटी** गठन गरिएको छ : १. संयोजक, पोलिटब्युरो सदस्य क. एन्.पी.आचार्य तथा सदस्यहरू पोलिटब्युरो सदस्यहरू क्रमशः २. क. डम्बर श्रेष्ठ, ३. क. कुमार बेलबासे, ४. क. गोपालमणि गौतम र ५. बै. पोलिटब्युरो सदस्य क. कृष्ण राना ।

**च) सङ्घीय पार्टी पुनर्संरचना अध्ययन तथा सुझाव आयोगको गठन :**

निम्नलिखित कमरेडहरू रहेको **'सङ्घीय पार्टी पुनर्संरचना अध्ययन तथा सुझाव आयोग'** गठन गरिएको छ : १. संयोजक, पोलिटब्युरो सदस्य क. एन्.पी. आचार्य, २. सहसंयोजक, पोलिटब्युरो सदस्य क. डम्वर श्रेष्ठ, ३. सचिव, पोलिटब्युरो सदस्य क. कुमार बेलबासे, तथा सदस्यहरूमा, ४. पोलिटब्युरो सदस्य क. गोपालमणि गौतम, ५. पोलिटब्युरो सदस्य क. हिक्मतबहादुर देउबा, ६. पोलिटब्युरो सदस्य क. नीलम केसी, ७. पोलिटब्युरो सदस्य क. दीननाथ घिमिरे, ८. पोलिटब्युरो सदस्य क. क. गंगाप्रसाद चौधरी, ९. बै. पोलिटब्युरो सदस्य क. मिलन बराल, १०. केकस क. मानबहादुर शाही, ११. केकस क. जे.पी. केरुङ्ग, १२. केकस क. परशुराम लामिछाने, १३. केकस क. रामचन्द्र बलामी, १४. केकस क. शिवचन्द्र चौधरी र १५. केकस क. सुशीला पहाडी रहनु भएको छ ।

**छ) महाधिवेशन संदेश अभियान-२०७३ सञ्चालन बारे:**

सातौं राष्ट्रिय महाधिवेशनबाट पारित 'नेपाल चिन्तन' सम्वन्धी दस्तावेज लगायतका दस्तावेजहरू जनतामा लग्न र स्थानीय निकाय निर्वाचनको तयारी सम्बन्धी पार्टी नीतिहरूलाई जनता समक्ष लैजान २०७३ असार ६ गते देखि महाधिवेशन सन्देश अभियान-२०७३ सञ्चालन गर्ने निर्णय गरेको छ ।

**ज)** यसैगरी बैठकले २० वटा केन्द्रीय विभाग, आयोग तथा फाँट तथा आञ्चलिक ब्युरोहरूको गठन समेत गरेको छ ।

**प्रिय पत्रकार मित्रहरू !**

उपरोक्त पार्टी नीति र निर्णयहरूलाई जनता समक्ष पुऱ्याउन यहाँहरू समक्ष पूर्ण सहयोगको अपेक्षा गर्दछौं । अभिवादन सहित, धन्यवाद ।

मितिः ०७३ जेठ ३२ गते

**सी.पी. मैनाली**
**महासचिव**